**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः ०३ जून २०२५**
**समयः १८:५० - १६:०० बजे**

## मुख्य समाचार

- पश्चिम बंगालमा पछिलो 24 घंटामा कोविडको 41 नयाँ मामिला अघि आएको छ भने एकको मृत्यु पनि भएको छ।

- पश्चिम बंगालमा भारतीय जनता पार्टीको केंद्रीय पर्यवेक्षक अनि आईटी सेल प्रमुख अमित मालवीयले मुख्यमंत्री ममता बनर्जी सरकारमाथि प्रधानमंत्री ग्राम सड़क योजना (पीएमजीएसवाई)को फंडमा भारी भ्रष्टाचार भएको गंभीर आरोप लगाउनु भएको छ।

- दार्जीलिङ बिधानसभा क्षेत्रका बिधायक निरज जिम्बाले डब्ल्यूबीसीएस (WBCS) बाट नेपाली भाषा हटाउनु संविधानको घोर अपमान हो भनी बताउनु भएको छ ।

- विश्व साईकिलिङ दिवसको अवसरमा दार्जिलिङ हिमालयन रेलवेको आयोजनामा दिगो पर्यटन, दिगो ट्राभल्स, दिगो फिटनेस र पर्यावरण सचेतना जगाउँदै खरसाङदेखि तीनधारेसम्म साईकिल रैलीको आयोजना गरिएको छ।

- भाजपा र माकपाले सिलगढीमा पानीको समस्यालाई लिएर प्रदर्शनसहित नगरनिगमका मेयर गौतम देवको राजिनामाको माग गरेको छ।

## पश्चिम बंगालमा कोविड

पश्चिम बंगालमा पछिलो 24 घंटामा कोविडको 41 नयाँ मामिला अघि आएको छ भने कोलकाताको एक निजी अस्पतालमा भर्ती एक बिमारीको मृत्यु भएको छ। यो जानकारी आज राज्य स्वास्थ्य विभागको एक अधिकारी दिएको हो। मृत महिला हावड़ा निवासी रहेको थाहा लागेको छ । स्वास्थ्य मंत्रालय तर्फाबाट जारी बयान अनुसार पछिलो 24 घंटामा 11 जना स्वस्थ भएको छ। यसका साथै राज्यमा अब सक्रिय मामिलाको संख्या 372 पुगेको छ।संक्रमणलाई स्वास्थ्य विभागले लगातार सतर्कता अपनाइ रहेको छ। स्वास्थ्य विशेषज्ञले मानिसहरुलाई सतर्कता बनाई राख्ने सुझाउ दिएको छ|

## अमित मालवीय

पश्चिम बंगालमा भारतीय जनता पार्टीको केंद्रीय पर्यवेक्षक अनि आईटी सेल प्रमुख अमित मालवीयले मुख्यमंत्री ममता बनर्जी सरकारमाथि प्रधानमंत्री ग्राम सड़क योजना (पीएमजीएसवाई)को फंडमा भारी भ्रष्टाचार भएको गंभीर आरोप लगाउनु भएको छ। उहाँले स्पष्ट भन्नुभयोए केंद्र सरकारले व्यापक भ्रष्टाचारका कारण नै यस योजना अन्तर्गत बंगालका लागि नयाँ राशि जारी गर्नबाट रोकिएको होद्य
मालवीयले आज आफ्नो आधिकारिक एक्स (पूर्व ट्विटर) हैंडलमा एक बयान जारी गर्दै भन्नुभयोए ममता बनर्जीको नेतृत्वमा बंगाल निराशा अनि असहायता तर्फ बढी रहेको छ। उहाँले पीएमजीएसवाई अन्तर्गतको फंड तृणमूल नेताहरुले जनकल्याणको साटो निजी लाभका लागि दुरुपयोगगरेको कारण नै केन्द्रले फण्ड रोकेको बताउनु भयो।

## श्री सत्य साई सेवा संगठन

श्री सत्य साई बाबाको एकसय औँ जन्म सतवार्षिकी समारोहको अवसरमा श्री सत्य साई सेवा संगठनद्वारा गत 24 अप्रेल आन्द्रा प्रदेशको पुट्टपर्तीको प्रशान्ति निलायमबाट निकालिएको दिव्य रथ प्रेम प्रवाहिनी विभिन्न राज्य, जिल्ला तथा समितिहरू हुँदै

हिज खरसाङ आइपुग्यो। साँझ सात बजे खरसाङ आइपुगेको दिव्य रथलाई खरसाङवासीले भव्य स्वागत जनाए। वेद पाठ, भजन तथा आरतीद्वारा स्वागत जनाइएको यस दिव्य रथलाई भक्तजनहरूको दर्शनको निम्ति यहाँको आइबी बङ्ग्लोमा राखिएको थियो, जहाँ उनका सयौं अनुयायी भक्तजनले दर्शन गरे। यस अवधि जीटीएका प्रमुख कार्यपाल अनित थापा, सभासद्हरू कल्पना प्रधान, श्याम शेर्पा, खरसाङ खण्ड पञ्चायत समिति अध्यक्ष अनु प्रधान, खरसाङ नगरपालिका उपाध्यक्ष सुवास प्रधान लगायत स्थानीय धेरै विशिष्ट व्यक्तिहरू अनि भक्तजनहरू उपस्थित रहेर भगवानको दिव्य दर्शन गरे। त्यसैगरी आज प्रशान्ति वाहिनी रथ यात्रा बिहान महानदी हुँदै सिलगढी अनि डुवर्सको निम्ति प्रस्थान गरयो।

**निरज जिम्बा**

दार्जीलिङ बिधानसभा क्षेत्रका बिधायक निरज जिम्बाले डब्ल्यूबीसीएस (WBCS) बाट नेपाली भाषा हटाउनु संविधानको घोर अपमान हो भनी बताउनु भएको छ । एक प्रेस बिज्ञप्ति जारी गर्दै श्री जिम्बाले पश्चिम बंगाल सरकारद्वारा हालै जारी गरिएको अधिसूचनामा डब्ल्यूबीसीएस मुख्य परीक्षा (Mains) बाट नेपाली, हिन्दी र सन्थाली भाषालाई हटाइएको निर्णयको कडा शब्दमा विरोध गर्नु भएको छ। उहाँले नेपाली भाषा भारतको संविधानको आठौं अनुसूची अन्तर्गत सूचीबद्ध गरिएको आधिकारिक भाषा हो भन्दै यस्तो भाषालाई हटाउनु संविधानको धारा १४, १५ र १६ को समेत उल्लङ्घन हो भनी बताउनु भएको छ। यसका साथै उहाँले यदि कोलकाता यस सम्बन्धमा न्याय दिन असमर्थ छ भने, आफूहरुले दिल्लीको ढोका ढकढकाउने समेत बताउनु भएको छ।

**गोर्खा दु:ख निवारक सम्मेलन**

गोर्खा दु:ख निवारक सम्मेलन दार्जीलिङले भव्य रूपमा आफ्नो ९४ औं स्थपना दिवस पालन गर्यो। सम्मेलनका अध्यक्ष प्रवीण जीम्बाले सर्वप्रथम सम्मेलनको झण्डा उत्तोलन गर्नुभयो भने सम्मेलनका पुर्व अध्यक्ष स्व० काशीनाथ शर्माको स्मृतिमा बनिएको नवनिर्मित स्वागत कक्ष एवंम एन डि लामा सभा कक्षको पनि उद्घाटन गरियो। स्थापना दिवसको दोश्रो चरणको कार्यक्रममा सम्मेलनका संस्थापक साथै दिवांगत सदस्यहरुको तस्बिरमा माल्यर्पण गर्दै उनीहरुले दिएको योगदानलाई स्मरण गर्दै २ मिनेटको मौन धारण गरियो । स्थापना दिवस समारोह अवधी नै हालै सम्पन्न UPSC परिक्षामा उतिर्ण जोजिला डोलकर भोटियालाई गोदुनिस अध्यक्षको वाहुली द्वारा माल्यर्पण गरिनुको साथै सम्मान जनाइयो । समारोहमा सर्जक डाक्टर सुजाता रानी राई अनि सर्जक बिजय कुमार राईद्वारा सम्पादित तीन वटा कृतिहरु क्रमैले धनवीर मुखिया गुरुङ कृति र स्मृति ,हर्षध्वज लामा कृती र स्मृति अनि हिरा कुमार सिंह कृति र स्मृतिको बिमोचन गरियो ।

**साईकल रैली**

विश्व साईकिलिङ दिवसको अवसरमा दार्जिलिङ हिमालयन रेलवेको आयोजनामा दिगो पर्यटन, दिगो ट्राभल्स, दिगो फिटनेस र पर्यावरण सचेतना जगाउँदै खरसाङदेखि तीनधारेसम्म साईकिल रैलीको आयोजना गरिएको छ। उक्त साईकल रैली बिहान खरसाङ रेलवे स्टेशनबाट शुरु भएर राष्ट्रिय राजमार्ग हुँदै तीनधारेस्थित दार्जिलिङ हिमालयन रेलवेको कारखाना परिसरसम्म आयोजना गरिएको छ। उक्त साईकल रैलीलाई खरसाङ रेलवे स्टेशनमा दार्जिलिङ हिमालयन रेलवेको निर्देशक रिशप चौधरीको विशेष उपस्थितिमा खरसाङ रेलवे स्टेशनको स्टेशन म्यानेजर निन्दिया शेर्पा र आरपीएफको एएसआई मिनबहादुर छेत्रीको बाहुलीबाट झण्डा देखाएर शुरु गरिएको थियो। रैली खरसाङबाट गिध्द पहाड, महानदी, घैयाबारी हुँदै तीनधारेस्थित रेलवे कारखानामा पुगेर समापन गरिएको थियो। रैलीमा विभिन्न स्थानहरुबाट आएका जम्मा 25 जना साईकलिष्टहरुले भाग लिएका थिए। तीनधारेमा पुगेर समापन भएपछि दार्जिलिङ हिमालयन रेलवेको निर्देशक रिशप चौधरीको बाहुलीबाट सबै सहभागीहरुलाई मेडल र उपहार प्रदान गरिएको छ। उक्त साईकल रैली विषयमा पत्रकारहरुसित कुराकानी गर्दै दार्जिलिङ हिमालयन रेलवेको निर्देशक रिशप चौधरीले 'विश्व साईकिलिङ डे' को अवसरमा खरसाङदेखि तीनधारेसम्म साईकिल रैलीको आयोजना गरिएको र आजदेखि नै समर फेस्टिवल सुरु भएको जानकारी गराउनु भएको छ।

**पिउनेपानी समस्या सिलगढी**

भाजपा र माकपाले सिलगढीमा पानीको समस्यालाई लिएर प्रदर्शन गरे तथा नगरनिगमका मेयर गौतम देवको राजिनामाको माग गरे। सिलगढी नगरनिगमका सबै 47 वार्डहरुमा हाल पिउने पानीको संकट देखा परिरहेको छ। नगरनगमले यस जल संकटको समाधान नगरेको भन्दै भाजपा र माकपाका पार्षदहरुले आफ्ना समर्थकहरुका साथ नगरनिगम अघि बिरोध प्रदर्शन गरेका हुन।बाल्टी, मटका र झाडु लिएर प्रदर्शन गर्नेहरुले मेयरको तत्काल राजिनामाको माग गरे। नगरनिगमले जानकारी दिए अनुसार अहिलेघरि सिक्किम र दार्जीलिङ पहाडका केही भागहरुमा लगातार ठुलो बर्षाले गर्दा टिस्टा नदीको जलस्तर धैरै बढेर गएको हुनाले जल आपूर्ति बाधित भएको हो। स्मरण रहोस सिलगढीका नब्बे प्रतिशत आवादी नगरनिगमद्वारा आपूर्ति गर्ने पिउने पानीमाथि निर्भर छ।

**सिलीगुड़ी छापामारी**

सिलगड़ीको महाराज कोलोनी र नूतनपाड़ा इलाकाको पाँचवटा ठाउँहरूमा मुद्राशोधन मामिलामा ई.डी ले छापामारी गरेको छ। ईडी का अधिकारीहरूले एका बिहान आज महाराज कोलोनी वार्ड संख्या चार अनि पाँच तथा नूतनपाड़ाको तीन स्थानहरूमा छापामारी गरयो। सिलगड़ीको एक व्यवसायी जसको काम मुद्रा विनिमय - मनी एक्सचेन्ज को काम गर्थ्यो। ३३ करोड़ भन्दा बढ़ी राशिको मुद्राशोधन गरिएको सो व्याक्ति माथि आरोप थियो। ईडी को कोलकाता स्थित क्षेत्रिय कार्यालयले विगत चार-पाँच दिनदेखि मुद्राशोधन मामिलामा अन्य कैंयन स्थानहरूमा छापामारी गरेको छ।

**पूर्व राज्यपाल**

सिक्किमका मुख्यमंत्री प्रेम सिंह तमांग-गोलेले आज सिक्किमका पूर्व राज्यपाल श्री गंगा प्रसादसँग सिलगढीको एक निजी अस्पतालमा भेट गर्नुभयो , पूर्व राज्यपाललाई मेडिकल इमरजेंसीका कारण अस्पतालमा भर्ना गरिएको थियो। यस अवधि मुख्यमन्त्रीले श्री प्रसादको शीघ्र स्वास्थ्य लाभको कामना गर्नुभयो|

**रुख लड्दा एकको मृत्यु**

सिक्किममा जारी बर्षाले जन जीवन प्रभावित बनाएको छ। आज अपरान्ह रुमतेकको राउतेमा बर्षाले गर्दा पहिरो जाँदा एक व्याक्तिको मृत्यु भएको छ भने अन्य दुइ घाइते भएको छ। गान्तोक जिल्ला शासकद्वारा प्राप्त जानकारी अनुसार पहिरोका कारण एउटा रुख लड्दा सो व्याक्तिको घटनास्थलमा मृत्यु भएको हो भने मृतक व्याक्तिका दुइ नानीहरु गम्भीर रुपमा घाइते भएको छ। घाइतेहरुलाई उपचारको निम्ति अस्पताल लगिएको छ।

****** ० ******